## अन्तर्राष्ट्रिय समाचार

# १० यात्री बोकेको विमान अलास्का क्षेत्रबाट बेपत्ता



वाशिङ्टन, २५ माघ/एएफपी

अमेरिकाको उत्तरपश्चिमी राज्य अलास्कामा बिहीवार १० जना यात्री बोकेको एउटा सानो व्यावसायिक विमान बेपत्ता भएको छ। विमान दुर्घटना भएको आशङ्का गरिएको छ।

अलास्का राज्य प्रहरीका अनुसार नौजना यात्री र एकजना पाइलट सवार बेरिङ एयर क्याराभान अलास्काको स्थानीय समय अनुसार अपराह्न ४:०० बजे उनालाक्लिटबाट नोमतर्फ उडेको विमान बेपत्ता भएको हो।

यी दुई शहर नोर्टन साउन्डमा एक अर्काबाट लगभग १४६ माइल (२३५ किलोमिटर) को दूरीमा अवस्थित छन्।

खोजी तथा उद्धारकर्मीहरूले विमानको अन्तिम जानकारी प्राप्त गर्न काम गरिरहेको अधिकारीहरूले एक विज्ञप्तिमा बताएका छन्।

हराएको यो विमान संयुक्त राज्य अमेरिकामा हालै भएको उड्डयन विपत्तिको पछिल्लो घटना हो।

गत जनवरी ३० मा राजधानी वाशिङ्टनमा अमेरिकी सेनाको हेलिकप्टरसँग यात्रीवाहक विमान ठोक्किंदा विमानमा सवार सबै ६७ यात्रीको मृत्यु भएको थियो।

फिलाडेल्फियाको व्यस्त इलाकामा अर्को एक मेडिकल विमान दुर्घटना हुँदा सातजनाको मृत्यु हुनुका साथै १९ जना घाइते भएका थिए। रासस

# अमेरिकी सांसदहरूद्वारा डीपसीक प्रतिबन्ध गर्न विधेयक पेश

वाशिङ्टन, २५ माघ/एएफपी

अमेरिकी सांसदहरूले बिहीवार चिनियाँ आर्टिफिसियल इन्टेलिजेन्स प्रोग्राम डीपसीकलाई प्रयोगकर्ताको डेटा सुरक्षाको चिन्तालाई लिएर सरकारी उपकरणहरूमा प्रयोग गर्न प्रतिबन्ध लगाउने विधेयक पेश गरेका छन्।

न्यूजर्सीका डेमोक्रेटिक प्रतिनिधि जोश गोट्टहाइमरले इलिनोइसका रिपब्लिकन डारिन लाहुडसँग मिलेर यो विधेयक पेश गरेका हुन्। विधेयकमा 'अमेरिकी राष्ट्रिय सुरक्षामा खतरा'को उल्लेख गर्दै डीपसीक र चिनियाँ सरकारबीच प्रत्यक्ष सम्बन्धको चेतावनी दिइएको छ।

यो विधेयक अमेरिकी साइबर सुरक्षा कम्पनी फ्रेट सेक्युरिटीको बुधवारको प्रतिवेदनपछि आएको हो। प्रतिवेदनले एआई मोडेलमा प्रयोगकर्ता डेटा राज्य–स्वामित्वको दूरसञ्चार कम्पनी चाइना मोबाइलमा पठाउन सक्ने लुकेको कोड भेटिएको बताएको थियो।

चिनियाँ स्टार्टअप डीपसीकले गत महीना कम लागतको उच्च गुणस्तरको च्याटबट लन्च गरेर विश्वव्यापी एआई उद्योगलाई चकित पारेको थियो। यसले प्रविधि विकासका लागि चलिरहेको प्रतिस्पर्धामा संयुक्त राज्य अमेरिका र अन्य देशहरूको अग्रतालाई हल्लाएको थियो। "चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी) ले हाम्रो राष्ट्रिय सुरक्षालाई कमजोर पार्न, हानिकारक दुष्प्रचार फैलाउन र अमेरिकीहरूको डेटा सङ्कलन गर्न आफ्नो पहुँचमा भएको कुनै पनि साधनको दुरुपयोग गर्ने कुरा प्रस्ट पारेको छ," गोट्टहाइमरले एक वक्तव्यमा भने।

डीपसीकलाई 'सिसिपी–सम्बद्ध कम्पनी' भन्दै लाहुडले भने, "कुनै पनि परिस्थितिमा यसलाई संवेदनशील सरकारी वा व्यक्तिगत डेटा प्राप्त गर्न अनुमति दिन सकिंदैन।"

दक्षिण कोरियाली मन्त्रालय र प्रहरीले डीपसीकको कम्प्युटरमा पहुँच रोकेको भन्दै कम्पनीले प्रयोगकर्ताको जानकारी कसरी व्यवस्थापन गर्ने भन्नेबारे डाटा वाचडग अनुरोधको जवाफ नदिएपछि प्रतिनिधिसभामा यो विधेयक आएको हो।

अस्ट्रेलियाले पनि सुरक्षा एजेन्सीहरूको सल्लाहमा सबै सरकारी उपकरणहरूबाट डीपसीकलाई प्रतिबन्ध लगाएको छ भने फ्रान्स र इटालीले डीपसीकको डेटा अभ्यासको बारेमा चिन्ता व्यक्त गरेका छन्।

छुट्टै भिडियो–शेयरिङ एप टिकटकले अमेरिकी कानूनको सामना गरिरहेको छ। कानूनले कम्पनीलाई आफ्नो चिनियाँ मालिक बाइटडान्सबाट विभाजन हुन वा संयुक्त राज्य अमेरिकामा प्रतिबन्धित हुन आदेश दिएको छ। रासस

# रूबियोले फेब्रुअरीको मध्यमा इजरायल, अरब राज्यहरूको भ्रमण गर्ने

वाशिङ्टन, २५ माघ/एएफपी

अमेरिकी विदेशमन्त्री मार्को रूबियोले गाजाको जनसङ्ख्या स्थानान्तरणसम्बन्धी राष्ट्रपति डोनाल्ड ट्रम्पको टिप्पणीको पृष्ठभूमिमा यस महीना मध्यपूर्वको आफ्नो पहिलो भ्रमण गर्ने विदेश मन्त्रालयका एक वरिष्ठ अधिकारीले बिहीवार बताएका छन्।

रूबियोले म्युनिख सुरक्षा सम्मेलनमा भाग लिने र त्यसपछि फेब्रुअरी १३–१८ सम्म इजरायल, संयुक्त अरब इमिरेट्स, कतार र साउदी अरबको भ्रमण गर्ने अधिकारीले बताए।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको भेटपछि ट्रम्पले युद्धग्रस्त गाजा पट्टीमा अमेरिकी सेना पठाउने र त्यहाँका २० लाख मानिसलाई हटाउने सुझाव दिंदा मङ्गलवार विश्वका धेरैजसोलाई आश्चर्यचकित पारेका थिए।

रूबियोले पछि ट्रम्पले हमासको अभूतपूर्व आक्रमणको प्रतिक्रियामा इजरायलको अथक आक्रमणपछि संयुक्त राज्य अमेरिकाले क्षेत्रको पुनर्निर्माणलाई आर्थिक सहयोग गर्दा अस्थायी स्थानान्तरणको कुरा गरिरहेको बताए।

डोमिनिकन गणतन्त्रको भ्रमणमा बिहीवारको शुरूमा बोल्दै रूबियोले ट्रम्पले गाजालाई समर्थन गर्न 'आर्थिक र प्राविधिक क्षमता दुवै भएका' खाडी अरब राष्ट्रहरूतर्फ सङ्केत गरिएका देशहरूबाट खोजिरहेको सुझाव दिए।

"मलाई लाग्छ राष्ट्रपति ट्रम्पले त्यो समाधानको हिस्सा बन्ने प्रस्ताव राख्नुभएको छ र यदि कुनै अन्य देश अगाडि बढ्न र आफैं गर्न इच्छुक छ भने, त्यो राम्रो हुनेछ," रूबियोले भने, "तर कसैले पनि त्यो गर्न हतार गरिरहेको देखिंदैन र त्यो हुनैपर्छ।" रासस

# सामाजिक र परोपकारी काममा जुट्दै विद्यार्थी

महोत्तरी, २५ माघ/रासस

'समाजका लागि आफू जोडिन पर्छ' भन्ने ध्येय र उद्देश्यकासाथ महोत्तरीको बर्दिबास–१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पसका विद्यार्थीले सामाजिक र परोपकारी काममा चासो बढाएका छन्। क्याम्पसका स्नातक तहमा अध्ययनरत छात्रछात्राले यो उद्देश्यका लागि नागरिकको जीवनसँग जोडिएको रक्तदानलाई रोजेका छन्।

"हामी आफ्ना गाउँठाउँमा पढेलेखेकामा गनिन्छौं, सबैले यो त कलेज पढ्ने भनेर चिनाउँछन्," स्नातक पहिलो वर्षकी १९ वर्षीया छात्रा राधा महतो भन्छिन्, "तर कुनै सामाजिक काममा आफू नजोडिएको कुराले केही त गर्नुपर्छ भन्ने लाग्यो, त्यसैले साथीहरूसँगको परामर्शबाट समाजमा जोडिने पहिलो काम रक्तदानलाई रोज्यौं।" विद्यार्थीले बर्दिबास–३ स्थित रेडक्रस बर्दिबास उपशाखाले सञ्चालन गरेको रक्तसञ्चार केन्द्रको सञ्चालनमा सहयोग पुऱ्याउन क्याम्पसमैं रक्तसञ्चार केन्द्र सहयोगार्थ दानपेटिका पनि स्थापना गरेका छन्।

"हामी आर्जनको काममा त छैनौं। तर खाजा खान बा–आमाबाट केही रकम पाउँछौं," स्नातक तहकै अर्की छात्रा अञ्जली सिंह भन्छिन्, "त्यसैबाट एक/दुई रुपियाँ छुट्याएर यो दानपेटिकामा राख्ने निधो गऱ्यौं।" पेटिकामा जम्मा भएको रकमले रक्तसञ्चार केन्द्रको व्यवस्थापनमा थोरै भएपनि आफ्नो योगदानले हामी पनि समाजका लागि केही गर्दैछौं भन्ने अनुभूति मिल्ने उनको भनाइ छ।

विद्यार्थीले थालेको पहिलो प्रयत्नमैं ६० थैला रगत सङ्कलन भएको छ भने दानपेटिकाका लागि विद्यार्थीले गरेका आह्वानमा शिक्षक र अभिभावकले सहयोग गर्दा एक घण्टाभित्रै १० हजार बढी रकम सङ्कलन भएको कार्यक्रमका संयोजन सहयोगी क्याम्पसका शिक्षक कवीन्द्र कट्टेलले जानकारी दिए।

"विद्यार्थीमा सामाजिक काममा लाग्ने हुटहुटी देखियो, क्षेत्र पनि उनीहरूले नै रोजे, हामीले संयोजन र समन्वयमा सहजीकरण गरिदियौं," उनी भन्छन्, "पहिलो प्रयत्न नै उत्साहबर्द्धक रह्यो।" विद्यार्थीको आग्रहमा क्याम्पस प्रशासनले रेडक्रस बर्दिबास उपशाखासँग रक्तदान कार्यक्रममा प्राविधिक सहयोगका लागि समन्वय गरिदिएको उनले स्पष्ट पारे।

रक्तदान र दानपेटिका व्यवस्थापनको कामबाट असल कुरा सोचेर काममा सङ्कल्पका साथ लाग्दा सुखद परिणाम पाइने आशा जागेको विद्यार्थीको भनाइ छ। "हामीले छोटो समयको तयारीमैं गरेको कामले ठीकै परिणाम आएको ठानेका छौं," क्याम्पसकी छात्रा सरस्वती कुशवाहा भन्छिन्, "यसले हामीलाई सिर्जनशील ऊर्जा दिएको छ, अब हामी अझ परिणाममुखी कामबारे सोच्न सक्नेछौं।"

विद्यार्थीमा सामाजिक र परोपकारी कामबारे बढेको चासोले क्याम्पस प्रमुख चेतबहादुर खड्का पनि दङ्ग छन्। छात्रछात्रामा बढेको यो सकारात्मक चासोले पछिसम्म उनीहरूलाई सामाजिक कर्तव्य र दायित्वले झकझकाइरहने उनको विश्वास छ। विद्यार्थीको यो तत्परता र सामाजिक लगावले शिक्षक, क्याम्पस प्रशासन र क्याम्पस व्यवस्थापन समिति खुशी देखिन्छन्। "हाम्रा विद्यार्थीले समाजप्रतिको जिम्मेवारीबोध बढाएका छन्," क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर हमाल भन्छन्, "यिनले निकै सकारात्मक आशा जगाए।"

अहिले विद्यार्थीले थालेका यो पहलमा आम अभिभावक पनि गद्गद् देखिन्छन्। विद्यार्थीले देखाएका सामाजिक कामप्रतिको तत्परताले भरोसा र विश्वास जगाएको बर्दिबास–१४ का बासिन्दा अभिभावक राम अधिकारी बताउँछन्। सबैतिरबाट आफूहरूको प्रयत्नबारे बढेको सकारात्मक चासोले यस्ता सामाजिक काममा अझ प्रभावकारी ढङ्गले जुट्ने आत्मविश्वास जागेको विद्यार्थी बताउँछन्।

मधेसका धेरै क्याम्पस अस्तव्यस्त बन्दै गएका बेला त्रिभुवन विश्वविद्यालयको आङ्गिक यो क्याम्पसले शिक्षाको दियो जगाइराखेको छ। स्नातक तहमा शिक्षा र वाणिज्य तथा स्नातकोत्तर तहमा शिक्षा सङ्कायको पठनपाठन हुँदै आएको उक्त क्याम्पसमा अहिले एक हजार २०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्। छात्राको सङ्ख्या ६५ प्रतिशतको हाराहारी रहेको क्याम्पस प्रमुख खड्का बताउँछन्।

### गुरू सम्मानको ...

ढकिया, चलनचल्तीबाट हराइसकेको बटुवा अनि सम्मानपत्र। अलिकति पत्रमपुष्पम पनि हुन्छ, जुन अन्यान्यलाई जानकारी हुन पाउँदैन। गुरुदक्षिणाको गोप्यता सर्वस्वीकार्य मानिन्छ। गुरुहरूको गद्गद् मुहार देखेर व्यस्तताबीच पनि डा झाको मुहारमा दिव्य आभा मुस्कुराइरहेको देख्छु। अनि जब अलिकति मन्तव्यको सिलसिला चल्छ, तब गुरु सम्मान कार्यक्रमको भन्दा पनि गुरुहरूको मन्तव्य सुनेर उपस्थित विशिष्टजन द्रविभूत बन्छन्। गुरुहरूको सम्मान कार्यक्रममा गुरुहरूबाट शिष्यहरूको जुन यशगान हुन्छ, शिष्यहरूको जुन प्रशंसा हुन्छ, कुनै मञ्चबाट सम्भवतः न भूतो हुन्छ। सबै गुरुले मुक्तकण्ठले दुवै शिष्यको प्रशंसा गरिरहेको क्षण साँच्चीकै अत्यन्तै विशिष्ट हुन्छ।

सम्पूर्णतः निस्स्वार्थ किसिमले आफ्ना गुरुहरूको सम्मान गरिएको क्षणमा गुरुबाट पाइएको आशीर्वचनरूपी अमृतवाणीले झा परिवार धन्य भएको छ। सबै गुरुको करीब उस्तै भनाइ रहेको छ– यस्तो शिष्य कतै देख्न पाइएन, यस्ता शिष्यहरूको निरन्तर प्रगति भइरहोस्, गुरु भएर आशीर्वाद दिन पाउने सम्पूर्ण हकमा यी शिष्यहरूको सर्वोच्च अधिकार रहेको छ। धन्य छन् यी शिष्यहरू, जसलाई शिक्षा दिने हामी गुरुहरूलाई धन्य बनाए।

कार्यक्रम भएको केही महीना बितिसकेको छ। हामी आफ्नो दुनियाँदारीमा लागिसकेका छौं। डा विजय झा झन् अति व्यस्त छन्। अमेरिकामा व्यस्त नहुने कुरै भएन तर डा झासमेतको परिवारले आधुनिक युगमा गुरुको गरिमालाई अझ विस्तार गर्न जुन परम्परा बसालेका छन्, त्यो अद्भुत छ। आफ्नै खर्चमा काठमाडौं पुऱ्याउनु, स्तरीय होटलमा कार्यक्रम राख्नु, त्यहाँ खाने–बस्ने व्यवस्था मिलाउनु तथा गुरुहरूलाई उपहार प्रदान गर्नु र ससम्मान फिर्ता पठाउने व्यवस्था गर्नु चानचुने काम होइन। जति धेरैले कार्यक्रमको प्रत्यक्ष अनुभूति गर्न पाए, तिनीहरूमा पनि आफ्ना गुरुप्रति श्रद्धा र सम्मानको भाव अझ बढेको छ र शिक्षाको क्षेत्रमा कार्यरत रहेकाहरूलाई अझ आफ्नो कर्ममा इमानदार हुने प्रेरणा पनि दिएको छ। यसैले यो कार्यक्रमको महत्ता धेरै रहेको छ र डा झा साँच्चीकै बधाई र उच्च सम्मानका पात्र हुन्। म पनि यस दिव्य कार्यक्रमको साक्षी बन्ने अवसर पाएको छु, मलाई लाग्छ, म पनि धन्य भएको छु।

### कम्पनीमा ...

तर सहज उपलब्ध छैन। कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीले सहकारीमार्फत पालिकाहरूमा मल उपलब्ध गराउँदै आएको छ।

दुवै कम्पनीमा मल सञ्चित रहेको त्यहाँका कर्मचारीहरूले बताएका छन्। सहकारीहरूले माग नगरेका कारण मल उपलब्ध नगराइएको कम्पनीका अधिकारीहरूले बताएका छन्। बुधवारसम्म सहकारीमार्फत मल उपलब्ध गराइएको तर बिहीवार र शुक्रवार मल माग नभएको कम्पनीका अधिकारीले बताए। दुवै कम्पनीमा अहिले थोरबहुत युरिया, डिएपी, पोटास, चुना सञ्चित छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनलाभ |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – रोगभय | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – सुसमाचार |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

सूचना प्रकाशित मितिः २०८१/१०/२६

यस बैंकको तपसिलको कार्यालयबाट तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँछौं। साथै तपसिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि., शाखा सखुवाप्रसौनी, पर्सा।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८१/१०/२४ सम्मको ब्याज तथा लेना बाँकी | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आलमगीर अन्सारी | सोनवर्षा–८, पर्सा | बङ्गाली मियाँ अन्सारी | खेदु मियाँ अन्सारी | सरल कृषि कर्जा | ९७०००० | १०८३७० | १,०७८,३७०।०० | |
| २ | असरूपादेवी थरुनी | शङ्करसरैया–५, पर्सा | मोहन रौरा थारू | विनय रौरा थारू | सरल कृषि कर्जा | १३००००० | ३२०३५ | १,३३२,०३५।०० | |
| ३ | विश्वनाथप्रसाद चौहान | जगरनाथपुर–३, पर्सा | अनुपप्रसाद चौहान | जलेश्वरप्रसाद चौहान | व्यापार कर्जा | ५००००० | २६२५३ | ५२६,२५३।०० | |
| ४ | शिवरती इन्टरप्राइजेज (प्रो.शिवरती देवी) | जीराभवानी गापा–२, सेढवा, पर्सा | ध्रुवराउत अहिर | प्रद्युमन यादव | व्यापार कर्जा | २५००००० | ३७३८१५ | २,८७३,८१५।०० | |
| ५ | हदिस मिया अन्सारी | सुगौली–३, पर्सा | मसदी मियाँ | नथुनी मियाँ अन्सारी | सरल कृषि कर्जा | ६६०००० | १४५२४५ | ८०५,२४५।०० | |
| ६ | जयगोविन्द राउत | बागेश्वरी तित्रौना–३, पर्सा | महावीर | बालदेव | व्यापार कर्जा | १३५००० | ३८८४५ | १७३,८४५।०० | |
| ७ | कैलाश राउत कम्कर | लखनपुर–९, पर्सा | तिलक राउत कम्कर | रामदेव राउत कम्कर | सरल कृषि कर्जा | १००००० | ३७४७२ | १३७,४७२।०० | |
| ८ | पीर महमद मियाँ अन्सारी | सुगौली–२, पर्सा | बरैली मियाँ अन्सारी | बागड मियाँ | सरल कृषि कर्जा | ५०००० | १०७२५ | ६०,७२५।०० | |
| ९ | सुबालाल साह रौनियार | बिजबनिया–१, पर्सा | सोवर्धन साह | शिव सा रौनियार | व्यापार कर्जा | २००००० | ३१९७४ | २३१,९७४।०० | |
| १० | गंगिया कुर्मिन | औराहा–५, पर्सा | विपत राउत | राम आश्रय राउत | सरल कृषि कर्जा | १०००००० | १७०७९० | १,१७०,७९०।०० | |
| ११ | नथुनी मिया अन्सारी | पुरैनिया–१, पर्सा | रामजान मिया | किफायत मियाँ अन्सारी | सरल कृषि कर्जा | १००००० | ६९२८५ | १६९,२८५।०० | |
| १२ | बालेश्वरप्रसाद महतो थारू | निचुटा–५, पर्सा | टैट महतो | चनदेव महतो थारू | सरल कृषि कर्जा | ८००००० | १००४२५ | ९००,४२५।०० | |

**कृषि विकास बैंक लि. प्रदेश कार्यालय, वीरगंज, पर्सा।**



यो दृश्य हो मधेस प्रदेशको राजधानी जनकपुरधामको। विद्यालयको छेउमा फोहोरको डङ्गुर। जनकपुरधाम उपमहानगरपालिका वडा नं ९ स्थित सरस्वती माध्यमिक विद्यालयसँग टाँसिएको सडकमा फोहोर थुपारिकाले विद्यार्थीहरूसँगै बटुवाहरूले सास्ती खेप्नुपरिरहेका छन्। सम्बन्धित निकायले फोहोर व्यवस्थापनप्रति चासो राख्नुपर्छ। शब्दचित्रः राजेश मिश्र/प्रतीक

# तपाईंहरूले निष्पक्षरूपमा कलम चलाइदिनुस् -नगरप्रमुख चौधरी

प्रस, निजगढ, २४ माघ/

अहिले जनताका हकअधिकार घरदैलोमा आउन अर्थात् अहिलेको व्यवस्था आउनमा सञ्चारकर्मीहरूको महत्त्वपूर्ण भूमिका रहेको कोल्हवी नपाका प्रमुख रामप्रसाद चौधरीले बताएका छन्। बिहीवार नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) जिल्ला कार्यसमिति, बाराको कोल्हवीमा आयोजित शपथ ग्रहण तथा प्रमाणपत्र वितरण कार्यक्रममा नगरप्रमुख चौधरीले सो कुरा बताएका हुन्।



फोनिज बाराका नवनिर्वाचित पदाधिकारीहरूलाई प्रमाण पत्र वितरण गर्दै उनले सञ्चारकर्मीहरू समाज, स्थानीयसहित तीन तहका सरकारलाई गुणदोषको आधारमा सही मार्ग देखाउने एक महत्त्वपूर्ण अङ्ग रहेको बताउँदै विकास र जनताका काम गर्ने क्रममा जनप्रतिनिधिहरूले जानेर वा अनजानमा त्रुटि हुन सक्ने बताए। त्यस्ता त्रुटिहरूलाई पत्रकारिता पेशाको धर्मलाई उचित ध्यानमा राख्दै रचनात्मक र सकारात्मक ढङ्गले झकझकाइदिन आग्रहसमेत नगरप्रमुख चौधरीले गरे।

"तपाईंहरूले विनापूर्वाग्रही निष्पक्षरूपमा कलम चलाइदिनुस्। समाजमा भए, गरेका बेथिति, विसङ्गति स्वतः कम हुँदै जान्छ," उनले भने। अहिले राज्यले जनताका घरदैलोमा सिंहदरबार छ भनेझैं स्थानीय पालिकाहरूबाट जनताले सहजरूपमा सेवासुविधा पाइरहेको बताउँदै सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि र पत्रकारिता क्षेत्रको विकासमा नगरबाट गर्न सकिने सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे। बारामा विभिन्न स्थानमा रहेका आदिवासी जनजातिका आर्थिक, शैक्षिक, सामाजिकलगायत अन्य अवस्थाको पहिचान र उत्थानका लागि खोजमूलक समाचारहरू लेखनसमेत नगरप्रमुख रामप्रसाद चौधरीले पत्रकारहरूलाई आग्रह गरे।

कार्यक्रममा उपप्रमुख लक्ष्मीकुमारी चौधरीले सञ्चारकर्मी र जनप्रतिनिधिबीच सकारात्मक ढङ्गले सहकार्य गरी समाजको विकासमा अघि बढ्न सक्दा झनै राम्रो सन्देश जाने बताइन्।

कार्यक्रममा वडाध्यक्षहरू राजहरण चौधरी, किसुनदयाल चौधरी, समाजसेवी वीरेन्द्र चौधरी, पत्रकारहरू गोकुल घोरसाइने, गुरु गौतम, सन्तोष पाण्डे, फोनिज मधेस प्रदेशका अध्यक्ष दुश्यन्त चौधरी, फोनिज बाराका सल्लाहकार जीतलाल श्रेष्ठलगायतले मन्तव्य राखेका थिए।

नवनिर्वाचित पदाधिकारीहरूलाई निर्वाचनमण्डलका सहसंयोजक भुवन चौधरीले शपथ ग्रहण गराए। स्वागत इन्दिरा चौधरीले गरेकी थिइन्।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) बाराका अध्यक्ष धीरेन्द्र पनुहरको अध्यक्षमा सम्पन्न भएको कार्यक्रमको सञ्चालन विनीता चौधरीले गरेकी थिइन्।

## कम्बल वितरण

प्रस, वीरगंज, २५ माघ/

शैक्षिक शहीद मुकुन्दप्रसाद खनाल स्मृति प्रतिष्ठानले शुक्रवार वीरगंज महानगरपालिका-१ बजार छपकैयामा गरीबहरूलाई कम्बल वितरण गरेको छ।



प्रतिष्ठानका वरिष्ठ सल्लाहकार प्रकाशकुमार उपाध्यायले गरीब, दलितहरूलाई कम्बल वितरण गरेका थिए। कार्यक्रममा अशोक राउत, कृष्णप्रसाद कानू, सीमादेवी कानू, सुमित गुप्ता एवं प्रतिष्ठानका सचिव लालबाबू सिंहलगायतको सहभागिता थियो।

## सत्सङ्ग गोष्ठी

प्रस, सिम्रौनगढ, २५ माघ/

सनातन धर्म रक्षा मञ्च सिम्रौनगढको ७२औं सत्सँग गोष्ठी बिहीवार आदर्श कोतवाल गाउँपालिकाको भटिनियामा सम्पन्न भएको छ।



मञ्चका अध्यक्ष ओमप्रकाश ठाकुरको अध्यक्षतामा भएको गोष्ठीमा विभिन्न १२ वटा पन्थका अनुयायीको सहभागिता थियो। मञ्चका सचिव वैकुण्ठ प्रसादले सहजीकरणा गरेको कार्यक्रममा सञ्जय शास्त्री प्रणामी, मेघनाथ वैरागी, निर्मलालगायतले स्वच्छ र चरित्रवान् समाज निर्माणबारे मन्तव्य राखेका थिए।




# खेलकूदको संसार

## महिला टी-ट्वान्टी शृङ्खलाको उपाधि थाइल्यान्डलाई

काठमाडौं, २५ माघ/रासस

महिला टी-ट्वान्टी शृङ्खलाको उपाधि थाइल्यान्डले जितेको छ। अन्तिम खेलमा नेपाललाई सात विकेटले पराजित गरेसँगै थाइल्यान्डले उपाधि चुमेको हो। थाइल्यान्ड शृङ्खलामा खेलेका छ खेलमध्ये पाँचमा जीत तथा एकमा हार बेहोर्दै १० अङ्कका साथ शीर्ष स्थानमा रह्यो। यस्तै, नेदरल्यान्ड्स छ खेलमा चारमा जीत तथा दुईमा हार बेहोर्दै आठ अङ्कका साथ दोस्रो स्थानमा रह्यो। नेपाल भने प्रतियोगितामा अङ्कविहीन रह्यो। नेपाल आफ्ना सबै छ खेलमा पराजित रह्यो।



नेपालले आफ्नो अन्तिम खेलमा थाइल्यान्डलाई जीतका लागि ८२ रनको लक्ष्य दिएको थियो। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा नेपाली टोलीकी कप्तान इन्दु बर्माले टस जितेर पहिला ब्याटिङ रोजेकी थिइन्। नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८१ रन बनायो। नेपालका लागि सम्झना खड्काले १७, कविता जोशीले १४, राजमती ऐरीले अविजित ११ तथा कप्तान इन्दु बर्माले १० रन बनाए।

बलिङतर्फ थाइल्यान्डकी ओनिचा कामचोम्फुले तीन तथा चानिदा सुत्थीरूआङ, नाट्टाया बुचाथम र सुलेपोर्न लाओमीले समान एक/एक विकेट लिए।

८२ रनको विजयी लक्ष्य थाइल्यान्डले १७ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो। थाइल्यान्डका लागि कप्तान नारूइमोल चाइवाईले अविजित २७, नान्नापत खोन्चरोएन्कले २३ तथा नाट्टाया बुचाथमले ११ रन बनाए। बलिङतर्फ नेपालका लागि कप्तान इन्दु बर्माले दुई तथा पूजा महतोले एक विकेट लिए।

नेपाल यस अघि नेदरल्यान्ड्ससँग २० रन, १५ रन र १० विकेटले तथा थाइल्यान्डसँग चार विकेट र पाँच रनले पराजित भएको थियो।

# प्रेस चौतारी, पर्साको अधिवेशन शुरू

प्रस, वीरगंज, २५ माघ/

प्रेस चौतारी नेपाल, पर्सा शाखाको छैटौं अधिवेशन शुक्रवार शुरू भएको छ।



तस्वीरः प्रतीक

प्रेस चौतारी नेपालका महासचिव हीरामान लामाले अधिवेशन उद्घाटन गर्दै नेकपा एमालेका २३ वटा जनवर्गीय सङ्गठनमध्ये प्रेस चौतारी पनि एउटा भएको र यसमा आबद्ध पत्रकारहरू दलप्रति वफादार हुनुपर्ने बताए।

उनले दलभित्र अनुशासित भएर स्वतन्त्र तरीकाले पत्रकारिता गर्न सकिने वातावरण रहेको बताए। उनले पत्रकारिता पत्रकारहरूको पहिलो कर्म भएको र यो कर्मलाई निर्भीकताका साथ पालना गर्दा पत्रकारको मर्यादा उच्च हुने बताए। उनले अहिले नेकपा एमाले सरकारमा रहेको र विपक्षीमा रहेकाहरूले अनावश्यकरूपमा टीका-टिप्पणी गरिरहेका हुँदा सोविरुद्ध पनि पत्रकारहरूले कलम चलाउनुपर्ने बताए।

निर्वाचन कमिटीका ईश्वर काफ्लेले नेकपा एमालेलाई बुझ्न नसकेकाहरू पनि पछिल्लो समयमा एमालेमा आबद्ध भएको र उनीहरूलाई यसबारेमा जानकारी गराउनुपर्ने आवश्यकता रहेको बताए। २०५८ सालपछि दलमा स्कूलिङ कमजोर हुँदै गएको कारण एमाले हुनेहरूको सङ्ख्या बढेको तर मूलभूत उद्देश्यमा उनीहरू खरो उत्रन नसकेको बताए।

एमाले, पर्साका उपाध्यक्ष मनोज गुप्ताले पत्रकारिता पेशा आफैंमा मर्यादित भएको र यसको मर्यादालाई जीवन्त राख्नुपर्ने सुझाव दिए।

प्रेस चौतारी, पर्साका अध्यक्ष तुलसी भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा एमाले पर्साका सचिव महेश दास, इन्चार्ज पवन तिवारी, प्रेस चौतारीका सचिव एवं मधेस प्रदेश इन्चार्ज कमल उपाध्याय, नेपाल पत्रकार महासङ्घ, मधेस प्रदेशका अध्यक्ष श्याम बन्जारा, लेखा समिति सदस्य केसी लामिछाने, प्रेस युनियन, पर्साका अध्यक्ष विजय चौहानलगायतले अधिवेशन सफलताको शुभकामना व्यक्त गरेका थिए। कार्यक्रममा उपाध्यक्ष राजेन्द्र सिंहले स्वागत र सचिव राकेश साहले सहजीकरण गरेका थिए।

# दाइजोरहित सामूहिक विवाह तथा रक्तदान कार्यक्रम सम्पन्न

प्रस, वीरगंज, २५ माघ/

परमेश्वर कवीरजीको निर्वाण दिवसको अवसरमा सतलोक आश्रममा दाइजोमुक्त सामूहिक अन्तर्जातीय विवाह र रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

समाजलाई दाइजोमुक्त बनाउने अभियान अन्तर्गत सतलोक आश्रम धनुषामा १२ नवजोडीको दाइजोरहित सामूहिक विवाह गराइएको छ।



धनुषाको मिथिला नगरपालिका-२, बेलाचापीस्थित सतलोक आश्रममा ५०७औं कवीर साहेब निर्वाण दिवसको अवसरमा माघ २४ गते अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रम गरिएको थियो भने शुक्रवार विभिन्न समाज सुधारका कार्यक्रमहरू सामूहिक विवाह तथा रक्तदान कार्यक्रम गरिएको थियो। कार्यक्रममा ६३ जनाले रक्तदान गरेका थिए। शनिवार भोग आरती र सत्सँग गरी कार्यक्रम गरिने आयोजकले जनाएको छ।

# अस्पतालको भवन निर्माण प्रक्रिया शुरू गर्न जनमतको माग

प्रस, वीरगंज, २५ माघ/

नारायणी अस्पतालमा पाँच सय शय्याको भवन निर्माणको प्रक्रिया यथाशीघ्र शुरू गर्नुपर्ने माग गर्दै जनमत पार्टी, पर्साले शुक्रवार प्रदर्शन गरेको छ।

घण्टाघर चोकमा जनमत पार्टीका नेता, कार्यकर्ताहरूले प्लेकार्डसहित प्रदर्शन गरेका हुन्। प्रदर्शनको क्रममा केहीबेर सडक अवरुद्ध भएपछि प्रहरीले बल प्रयोग गरेर सडक सुचारु गरेको थियो। जनमत पार्टी, पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले चार जिल्लाका ३० लाख नागरिकले स्वास्थ्य उपचारको सेवा लिंदै आएको नारायणी अस्पतालको भवन निर्माण प्रक्रिया यथाशीघ्र शुरू गर्नुपर्ने माग गरे। कार्यक्रममा डा अजय यादव, नजमा खातुनलगायतले मन्तव्य राखेका